# स्थानीय राजपत्र

बोगटान फुडसिल गाउँपालिका, डोटीद्धारा प्रकाशित

खण्ड-१०, बोगटान फुडसिल गाउँपालिका, मिति: २०८३/०१/११ संख्या : २

## भाग-२

## बोगटान फुडसिल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चवराचौतारा, डोटी

## बोगटान फुडसिल गाउँपालिकाको आर्थिक रुपले विपन्न परिवारका लागि किरिया खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०८३

प्रमाणीकरण मिति : २०८३।०१।११

**पृष्ठभूमि :-** नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यवाट प्राप्त हुने आधारभूत सेवामा पहुँच पुर्‍याई आर्थिक तथा सामाजिक विपन्नताबाट मुक्ति पाउने कुरालाई मौलिक हक एवम् राज्यको नीति निर्देशक सिद्धान्तको रुपमै प्रत्याभूत गरेकोले आर्थिक रुपले विपन्न तथा गरिबीमा जेलिएका व्यक्तिहरुको कुनै दुर्घटना वा कालगतिले मृत्युवरण भएमा निजको परिवारलाई राहत पुर्‍याउने उद्देश्यले यस गाउँपालिकाको क्षेत्र भित्र स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न गरिब तथा असहाय परिवारका सदस्यको मृत्यु हुँदा निजको परिवारलाई किरिया खर्च उपलब्ध गराउन वान्छनीय भएकोले,

बोगटान फुडसिल गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी आर्थिक रुपले विपन्न परिवारलाई किरीया खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०८३ बनाएको छ ।

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

**१. संक्षिप्त नाम र प्रारम्भ:-**

क) यस कार्यविधिको नाम:- "बोगटान फुडसिल गाउँपालिकाको आर्थिक रुपले विपन्न परिवारका लागि किरिया खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०८३" रहनेछ।

ख) यो कार्यविधि गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागू हुनेछ।

**२. उद्देश्य:-**

क) आर्थिक रुपले विपन्न गरिब परिवारका सदस्यको मृत्यु भएमा तत्कालिन अवस्थामा परिवारको खर्चको आवश्यकता परिपूर्ति गर्न र गलत सामाजिक अभ्यासहरु तथा कुरीतिहरुको अन्त्य गर्दै बाधाहरु हटाउन,

ख) नेपाल सरकारद्धारा तोकिएको समयमै मृत्युदर्ता गरी व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी बनाउन,

ग) गरिब विपन्न र असहाय वर्गसँग सहकार्य बढाउन,

घ) लक्षित समुदायलाई सेवा लिन अभिप्रेरित गर्न स्थानीय सरकारले जिम्मेवारी तथा अपनत्व वहन गरेको अनुभुति दिलाउन,

ङ) गरिब, जोखिममा परेका, विपन्न र आर्थिकं तथा सामाजिक रुपमा उपेक्षित वर्गको व्यक्तिहरुलाई सहभागी हुने अवसर प्रदान गर्न,

**३. आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च रकम प्रदान गर्ने:-**

क) यस बोगटान फुडसिल गाउँपालिकाको क्षेत्रभित्र स्थायी बसोबास गर्ने गरिब, असहाय तथा आर्थिक रुपले विपन्न परिवारका सदस्यको दुर्घटना वा कालगतिले मृत्यु भएमा निजको परिवारका सदस्य वा हकवालालाई रु १०,०००।०० (अक्षरेपी रु. दश हजार मात्र) किरिया खर्च बापतको रकम उपलब्ध गराइनेछ।

ख) बोगटान फुडसिल गाउँपालिकाको ट्याक्टर संचालन सम्बन्धी कार्यविधि २०८३ को नियम २ को (ख) बमोजिम शव (लास) अस्पताल, घर वा अन्त्येष्टि स्थलसम्मं ओसारपसार गर्ने कार्यमा निशुल्क पालिकाको ट्याक्टरको शुविधा प्रयोग गरेमा किरिया खर्च बापतको रकम उपलब्ध हुने छैन।

**४. किरिया खर्च वापतको रकम पाउने आधारहरु:-**

क) बोगटान फुडसिल गाउँपालिका क्षेत्रभित्र स्थायी रुपले बसोबास गरेको हुनुपर्ने।

ख) कुनै भवितव्य दुर्घटना वा कालगतिले मृत्यु भएको हुनुपर्ने।

ग) मृतक गरिब, दलित वा आर्थिक रुपले विपन्न परिवारको हुनुपर्ने।

घ) मृतकको परिवारका सदस्यले मृत्यु भएको मिति देखि ३५ दिन भित्र किरिया खर्च वापतको रकम प्राप्त गर्न निवेदन पेश गरेको हुनुपर्ने।

**५. किरिया खर्च वापतको रकम प्राप्त गर्न आवश्यक कागजातहरु:-**

क) अनुसूची-१ बमोजिमको निवेदन फारम।

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

ख) अनुसूची-२ बमोजिमको किरिया खर्च उपलब्ध गराईदिने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस।

ग) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

घ) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि।

ङ) किरिया खर्च प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतकसँग पारिवारीक नाता खुल्ने अन्य कागजात।

च) अनुसूची-३ बमोजिमको आर्थिक रुपले विपन्न भएको भनी स्वघोषणा पत्र।

**६. किरिया खर्च वापतको रकम प्रदान गर्ने तरिका**

क) बोगटान फुडसिल गाउँपालिकाको कार्यालयमा आवश्यक कागजात सहित निवेदन दर्ता भएका आर्थिक रुपले विपन्न मृतक परिवारका सदस्यलाई किरिया खर्च वापतको रकम बोगटान फुडसिल गाउँपालिकाले मृतकका नातेदारको खातामा सोझै भुक्तानि वा मृतकको घरआँगनमा गाउँपालिकाको अध्यक्ष वा निजको प्रतिनिधि, उपाध्यक्ष वा निजको प्रतिनिधि, वडा अध्यक्ष, पञ्जिकरण शाखा प्रमुख, सम्बन्धित वडाका वडा सचिव एवम् अन्य कर्मचारी तथा जनप्रतिनिधिको रोहवरमा अनुसूची-४ बमोजिमको भरपाई गरि वितरण गरिनेछ। साथै सो भरपाईको अभिलेख अनुसूची-५ बमोजिम सुरक्षित राख्नुपर्नेछ।

**७. किरिया खर्च वापतको रकम विपन्न परिवारको आवश्यकतामा खर्च गर्नुपर्ने:-**

क) बोगटान फुडसिल गाउँपालिकाको कार्यालयले किरिया खर्च रकम वापत उपलब्ध गराउने रु. १०,०००।०० (अक्षेरेपी रु हश हजार मात्र) बाट निज मृतकका परिवारले परिवारको आवश्यकता अनुसार गाँस बास तथा कपासको व्यवस्थापनमा खर्च गर्नुपर्नेछ।

**८. विविध**

क) विशेष परिस्थितिमा किरिया खर्च वापतको रकम बराबरको आवश्यक सरसामान गाउँकार्यपालिकाको कार्यालयले प्रचलित नियमानुसार खरिद गरी मृतकको परिवारलाई सोझै समेत उपलब्ध गराउन सक्नेछ।

ख) आर्थिक रुपले विपन्न परिवारका सदस्यलाई उपलब्ध गराइने किरिया खर्च बापतको रकम भरपाई तथा अन्य कागजातको आधारमा सम्बन्धित वडा कार्यालयलाई शोधभर्नाको रुपमा सम्बन्धित शिर्षकबाट उपलब्ध गराइनेछ।

ग) यस कार्यविधि विपरित बोगटान फुडसिल गाउँपालिका डोटी क्षेत्र बाहिरका तथा आर्थिक रुपले सम्पन्न मृतकको हकमा कार्यान्वयन गर्न गराउन वा त्यस्तो निर्णय वा आदेश दिन वा सिफारिस तथा सहयोग गर्न पाइने छैन।

घ) यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

ङ) कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ।



पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## अनुसूची-१

### आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च वापतको रकम उपलब्ध गराउन पेश गरिने निवेदनको ढाँचा

मिति:-.........................

श्री बोगटान फुडसिल गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय चवराचौतारा डोटी ।

**विषय : किरिया खर्च वापतको रकम उपलब्ध गराई पाउँ ।**

महोदय,

प्रस्तुत बिषयमा यस बोगटान फुडसिल गाउँपालिका स्थायी ठेगाना भएका तपसिल बमोजिम विवरण भएका व्यक्तिको..............................कारणले मृत्यु भएको हुनाले बोगटान फुडसिल गाउँपालिकाको आर्थिक रुपले विपन्न परिवारका लागि किरिया खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि,२०८३ बमोजिम क्रिया खर्च उपलब्ध गराई दिन हुन अनुरोध छ ।

| |
|---|
| १. मृतकको नामथर :-......................................................... |
| २. नागरिकता प्र.पत्र नं. तथा ना.प्र.प. लिएको जिल्ला:-.................................................... |
| ३. पति पत्नीको नामथर र ना.प्र.प. नं.:........................................................................ |
| ४. परिवारको सदस्य संख्या :.............................................................................. |
| ५. मृत्यु भएको मिति :..................................................... |
| ६. मृत्युको कारण :.............................. |
| ७. मृत्युदर्ता प्रमाणपत्र नं........................ |
| ८. स्थायी ठेगाना :............................ |

निवेदक
सही :
नामथर :
मृतकसँगको नांता :
ठेगाना :

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-२

### आर्थिक रुपले विपन्न परिवारलाई किरिया खर्च वापतको रकम उपलब्ध गराउने कार्यक्रम

### किरिया खर्च वापतको रकम उपलब्ध गराईदिने सिफारिसको ढाँचा

मिति:-.......................

श्री बोगटान फुडसिल गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय चवराचौतारा,डोटी।

विषय : किरिया खर्च वापतको रकम उपलब्ध गराईदिने सम्बन्धमा।

प्रस्तुत विषयमा यस बोगटान फुडसिल गाउँपालिका वडा नं...... टोल.......... बस्ने श्री.................... को नाती/नातिनि श्री ......................को छोरा/छोरी श्री.............को पति/पत्नी बर्ष............. को श्री....................... को मिति............. गते................ कारणले मृत्यु भएको तथा निज मृतकको परिवारको बार्षिक आम्दानी रु...........(अक्षरेपी रु........... ) मात्र भएको हुँदा निज मृतकको परिवार आर्थिक रुपले अति विपन्न रहेको देखिएकाले निजको परिवारका सदस्य श्री............... (मृतक सँगको नाता) लाई आर्थिक रुपले विपन्न परिवारका लागि किरिया खर्च उपलब्ध गराउने कार्यविधि,२०८३ बमोजिम किरिया वापतको खर्च रकम उपलब्ध गराईदिनु हुन सिफारिस साथ अनुरोध छ। साथै निज मृतक आर्थिक रुपले अति विपन्न रहेको भनी व्यहोरा ठीक साँचो हो फरक परेमा सहुँला बुझाउँला।

............... ......................

वडा सचिव वडा अध्यक्ष

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

## किरिया खर्च वापतको रकम प्राप्त गर्न आर्थिक रुपले विपन्न रहेको स्वघोषणा फारम

मिति.................

श्री बोगटान फुडसिल गाउँपालिका,
चवराचौतारा,डोटी

विषयः- आर्थिक रुपले विपन्न रहेको स्वघोषणा सम्बन्धमा ।

प्रस्तुत विषयमा म हकवाला श्री.................... यस बोगटान फुडसिल गाउँपालिकाको वडा नं.......बस्ने मृतक................ को छोरा/छोरी/पति/पत्नी हुँ ।परिवारको खर्च धान्न हाम्रो परिवारले ................ काम गर्दै आएका छौ। मेरो परिवारको कुल बार्षिक आम्दानि रु.............. रहेको छ । तसर्थ मेरो परिवार आर्थिक रुपले अति विपन्न रहेको भन्ने व्यहोरा ठीक साँचो हो भनी स्वघोषण गर्दछु । साथै फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

.............................
मृतकका परिवारको तर्फबाट
नाम :...............................
मृतकसँगको नाता ....................

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-४

### किरिया खर्च वापतको रकम बुझिलिएको भरपाई

| सि.न. | मृतकको नामथर र बतन | किरिया खर्च बुझिलिनेको नामधर | किरिया खर्च बुझिलिनेको नामथर | बुझिलिएको मिति | बुझिलिनेको सहीछाप | रोहवरमा बस्नेको नामथर र सहीछाप | केफियत |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## अनुसूची-५

### किरिया खर्च बापतको रकम बुझिलिएको अभिलेख

आर्थिक बर्ष:-.................

| सि.नं. | मृतकको नामथर र वतन | किरिया खर्च बुझिलिनेको नामथर र नाता | बुझिलिएको रकम | बुझिलिएको मिति | रकम बुझाउनेको नामथर | सिफारिस गर्ने वडा कार्यालय | रोहवरमा बस्ने व्यक्तिको नामथर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

आज्ञाले
पदमराज अवस्थी
प्रमुख प्रशासकिय अधिकृत

पदमराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत